कार्यपालिकाको बैठक संख्या:-८६

आज मिति २०८२/०७/३० गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी  निर्णयहरु पारित गरियो।

उपस्थितिः-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १०. | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सचिव (प्र.प्र.अ.) | श्री विवेक खनाल | |
| ~~१८.~~ | ~~प्रशासन शाखा प्रमुख~~ | ~~श्री गणेश~~ | |
| १९. | का.स. | श्री विर वहादुर घर्ती | |

आमन्त्रण
१. गोविन्द प्रसाद अर्याल (स्वास्थ्य शाखा प्रमुख)
२. गणेश न्यौपाने (प्रशासन प्रमुख)
३. विष्णु अर्याल राजनीतिक
४. जुम ब. घर्ती मगर (शिक्षा शाखा प्रमुख)
५. डा. राम प्रसाद अर्याल

प्रस्तावहरुः-

१. स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाइ केन्द्रको तला थप तथा संरक्षणका लागि रकम माग सम्बन्धमा

२. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा,

३. उद्यम विकास कार्यक्रमको फोकल पर्सनका सम्बन्धमा,

४. सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा,

५. प्रथम चौमासिक प्रगति समिक्षा सञ्चालन गर्ने सम्बन्धमा,

६. वडा स्तरिय योजनाहरुको सम्झौता सम्बन्धमा,

७. एकिकृत घुम्ति शिविर सञ्चालन सम्बन्धमा,

८. एम्वुलेन्स व्यवस्थापन सम्बन्धमा,

९. विपद प्रभावित विद्यालयहरुको मर्मत संभार सम्बन्धमा,

१०. मनसुनजन्य विपद प्रभावितहरुको घर निर्माण र दोश्रो किस्ता रकम सम्बन्धमा,

११. एक घर एक धारा खानेपानी आयोजना सञ्चालन सम्बन्धमा,

१२. साइट सुपरभाइजर नियुक्ति सम्बन्धमा,

१३. दर्लिङ्ग मा वि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट सम्बन्धमा,

१४. सेनेटरी प्याड खरिद सम्बन्धमा,

१५. लेन्थ वर्करको तलब दिन अपुग रकमको सम्बन्धमा,

१६.विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान समितिको मिति २०८२/०२/१३ गतेको निर्णय अनुमोदन सम्बन्धमा,

१७. गाउँपालिकाका सवारी साधन मर्मत वापतको रकम भुक्तानी सम्बन्धमा,

१८. सामाजिक सुरक्षा शाखामा कार्यरत फिल्ड सहायकलाई योजना शाखाको थप जिम्मेवारी दिने सम्बन्धमा,

१९. पिङ्ग निर्माणमा प्रयोग भएका श्रमिकको ज्याला भुक्तानी सम्बन्धमा,

२०. ह्वाङ्गदी स्वास्थ्य चौकी भवन निर्माणको लागि आवश्यक जग्गा निशुल्क रुपमा लिने सम्बन्धमा,

२१. संघीय विशेष अनुदान अन्तरगत वञ्चितिमा परेका समूदायका लागि एक घर एक धारा खानेपानी आयोजनामा गाउँपालिकाको तर्फबाट रकम थप गर्ने सम्बन्धमा,

२२.विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा,

२३. अमानतमा गरेको कामकाजको रकम भुक्तानी सम्बन्धमा,

२४. काज सरुवाका लागि सहमति प्रदान सम्बन्धमा,

२५. सुशिल अर्याललाई काजमा वडासचिवको रुपमा पदस्थापन गर्ने सम्बन्धमा,

२६. स्वास्थ्य सेवा कार्ड छपाइ सम्बन्धमा,

२७. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा,

२८. विपदका मो.बा.हरुको मर्मत संभार वापतको रकम भुक्तानी सम्बन्धमा,

२९. असोज महिनाको खर्च अनुमोदन सम्बन्धम

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

## वैठकमा भएका निर्णयहरु:-

| क्र.सं | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | स्वास्थ्य शाखा | यस गाउँपालिका अन्तरगत तपसिलका वडाहरुमा रहेका स्वास्थ्य संस्थाहरु निर्माण, संरक्षण तथा मर्मत गर्नु पर्ने अवस्थामा रहेको, गाउँपालिकामा सिमित श्रोत साधन भएको कारण उक्त संस्थाहरुको मर्मत,संरक्षण तथा निर्माण गर्न नसकिएको र भवन निर्माण, मर्मत तथा संरक्षणको अभावमा सेवा प्रवाहमा समस्या भएको हुँदा उक्त स्वास्थ्य संस्थाहरुको निर्माण तथा मर्मतका लागि संघीय सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रकम माग गर्ने निर्णय गरियो।<br>तपसिलः-<br>१.दर्लिङ्ग स्वास्थ्य चौकी भवन मर्मत तथा संरक्षण मालिका-२ दर्लिङ्ग गुल्मी<br>२.अर्जैवेशी सामुदायिक स्वास्थ्य इकाई केन्द्रको भवन निर्माण मालिका-६ गुल्मी |
| २. | प्रशासन शाखा | यस गाउँपालिकाका विभिन्न शाखा तथा वडा कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुको करार अवधि थप सम्बन्धमा छलफल गरी गाउँपालिकाको श्रोत, आवश्यकताका र कार्य सम्पादनको आधारमा २०८२ कार्तिक १ गते देखि २०८२ चैत मसान्त सम्म करार अवधि थप गर्ने निर्णय गरियो।<br>तपसिलः- |

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १ | विष्णु अर्याल | इन्जिनियर |
| २ | जगत वहादुर पौडेल | सूचना प्रविधि अधिकृत |
| ३ | वसन्त भट्टराई | रोगजार संयोजक |
| ४ | दिपक अर्याल | कृषि अधिकृत |
| ५ | सुरेश अर्याल | एमआइएस अपरेटर |
| ६ | तिलक पोखेल | सव इन्जिनियर |
| ७ | गोविन्द कार्की | अ.हे.ब. |
| ८ | सुमित्रा के.सी. | उ.वि. सहजकर्ता |
| ९ | सोविराम वि.क. | नगर प्रहरी हवल्दार |
| १० | विष्णु वहादुर रोकाहा | नगर प्रहरी |
| ११ | प्रेम वहादुर जि.सी. | नगर प्रहरी |
| १२ | कमल पौडेल | नगर प्रहरी |
| १३ | रेमकला सेजाल | नगर प्रहरी |
| १४ | नरेश के.सी. | फिल्ड सहायक |
| १५ | हिमा घर्ती | कार्यालय सहयोगी |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | १६ | राम प्रसाद अर्याल | कार्यालय सहयोगी |
| | | १७ | चन्द्रकान्त अर्याल | कार्यालय सहयोगी |
| | | १८ | शान्ती अधिकारी | कार्यालय सहयोगी |
| | | १९ | यम वहादुर परियार | कार्यालय सहयोगी |
| | | २० | भोज वहादुर थापा | कार्यालय सहयोगी |
| | | २१ | निरा जि.सी. कार्की | अ.न.मी. |
| | | २२ | रुमिकला खत्री कार्की | कार्यालय सहयोगी |
| | | २३ | युवा कार्की पौडेल | सामाजिक परिचालक |
| | | २४ | तुल्सी राना नेपाली | कार्यालय सहयोगी |
| | | २५ | विर वहादुर घर्ती | पाले |
| | | २६ | रेशम थापा क्षेत्री | कार्यालय सहयोगी |
| | | २७ | खिममाया पुन | अ.न.मी. |
| | | २८ | गोकर्ण रेग्मी | कार्यालय सहयोगी |
| | | २९ | देविका वि.क. | अ.न.मी. |
| | | ३० | वृष वहादुर कामी | कार्यालय सहयोगी |
| | | ३१ | नमिता कार्की | कार्यालय सहयोगी |
| | | ३२ | मोहन कार्की | कार्यालय सहयोगी |
| | | ३३ | वासुदेव अर्याल | कार्याल सहयोगी |
| | | ३४ | मधु भण्डारी | अ.न.मी. |
| | | ३५ | शुसिला भन्डारी | कार्यालय सहयोगी |
| | | ३६ | लिला वि.क. | कार्यालय सहयोगी |
| | | ३७ | प्रविन कुमार माझी | नेत्र सहायक |
| | | ३८ | चन्द्रकला घर्ती | कार्यालय सहयोगी |
| | | ३९ | माया गिरी | कार्यालय सहयोगी |
| | | ४० | शरन अर्याल | हलुका सवारी चालक |
| | | ४१ | गणेश पुन | हलुका सवारी चालक |
| | | ४२ | सम्झना गिरी | अ.न.मी. |
| | | ४३ | विनिता देवि अर्याल | अ.हे.ब. |
| | | ४४ | प्रदिप न्यौपाने | हे.अ. |
| | | ४५ | गीता वि.क. | का.स. |
| | | ४६ | प्रविण कुमार रावत | हे.अ. |
| | | ४७. | शोभा छन्तेल | अ.न.मी. |
| | | ४८. | प्रकाश सिंह ठकुरी | वैद्य |
| | | ४९ | पार्वती रावत | अ.न.मी. |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जलजला, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३. | प्रशासन शाखा | यस गाउँपालिकामा गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम सञ्चालनको लागि फोकल पर्सनको रुपमा कामकाज गर्नको लागि प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद न्यौपानलाई तोकिएको सम्बन्धमा निर्णय गरियो। |
| ४. | प्रशासन शाखा | चालु आ.ब.२०८२/०८३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ साल मंसिर २५ गते विहान १२.०० बजे मालिका गाउँपालिकाको ३ नं. वडा कार्यालय ह्वाङ्गदीको प्राङ्गणमा गर्ने निर्णय गरियो। |
| ५. | योजना शाखा | चालु आ.ब.२०८२/०८३ को प्रथम चौमासिक अवधिको प्रगति समिक्षा यही मिति २०८२ साल मंसिर १५ गते गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने गरियो। साथै सभाका सदस्यहरु, वडा सचिव, स्वास्थ्य शाखा प्रमुखहरुलाई प्रथम चौमासिक समिक्षाका लागि आवश्यक तयारीका लागि सूचना संम्प्रेषणको जिम्मेवारी सूचना प्रविधि अधिकृत श्री जगत वहादुर पौडेललाई दिने निर्णय गरियो। |
| ६. | योजना शाखा | आ.ब.०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वडागत कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक वडामा योजना शाखा प्रमुख र प्राविधिक शाखा प्रमुख गई योजनाहरुको सम्झौताको कार्य प्रकृया अगाडी वढाउने सम्बन्धमा छलफल गरी तपसिलका वडाहरुमा निम्नानुसारको मितिमा योजना सम्झौताको कार्य प्रकृया अगाडी वढाउने र सोही अनुसार सवै वडा अध्यक्ष ज्यूहरुले सम्झौताको लागि आवश्यक कागजात तयार गर्ने सम्बन्धमा निर्णय गरियो।<br>तपसिलः- |

| क्र.सं. | वडा नं. | सम्झौता गर्ने मिति | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.-१ नेटा | २०८२/०८/२६ | |
| २ | वडा नं.-२ दर्लिङ्ग | २०८२/०८/२२ | |
| ३ | वडा नं.-३ ह्वाङ्गदी | २०८२/०८/२३ | |
| ४ | वडा नं.-४ अर्खावाङ्ग | २०८२/०८/२४ | |
| ५ | वडा नं.-५ छापहिले | २०८२/०८/२७ | |
| ६ | वडा नं.-६ अर्जै | २०८२/०८/२१ | |
| ७ | वडा नं.-७ घमिर | २०८२/०८/२५ | |
| ८ | वडा नं.-८ मरभुङ्ग | २०८२/०८/२८ | |

| | | |
|---|---|---|
| ७. | प्रशासन शाखा | आम नागरिकहरुलाई एकिकृत रुपमा गाउँपालिकाबाट प्रदान गरिने विभिन्न सेवाहरु एकिकृत रुपमा वडाका पायक पर्ने स्थलहरुबाट प्रदान गर्ने गाउँपालिकाको आ.ब.२०८२/०८३ को नीति तथा कार्यक्रम रहेको र तपसिलका शिर्षकहरुमा निम्नानुसारको रकम विनियोजन भएकोले एकिकृत रुपमा कार्यक्रमसँग सम्बन्धित शाखाले कार्यक्रमको ल.ई. तथा प्रस्तावना स्वीकृत गराउने, शाखाहरु वीच समन्वय गर्ने, अन्य आवश्यक तयारी गर्ने र मिति २०८२/०८/२९ गतेबाट कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।<br>*कार्यक्रममा विनियोजित वजेट शिर्षकः-*<br>१.अध्यक्षसँग विद्यार्थि कार्यक्रममा विनियोजित रकम रु.५०००००/-बाट १-८ सम्म शिक्षा शाखा मार्फत आखा शिविर सञ्चालन गर्ने। |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी
लुम्बिनी प्रदेश नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>२.स्वास्थ्य शिविर कार्यक्रममा विनियोजित रकम रु.५ लाखबाट १-८ सम्म स्वास्थ्य शाखाबाट ENT शिविर सञ्चालन गर्ने।<br>३. वालवालिका विकास कार्यक्रम र जेष्ठ नागरिक सम्मान कार्यक्रममा विनियोजित रकम रु.५ लाखबाट १-८ सम्म दन्त्य शिविर महिला वालवालिका तथा जे.ना.शाखाबाट सञ्चालन गर्ने,<br>४.पशु वस्तुको औषधी वितरण तथा परामर्श सेवा उपलब्ध गराउने<br>५.कृषि सम्बन्धी परामर्श सेवा<br>६.व्यवसाय दर्ता तथा नविकरण कार्यक्रम<br>७.प्राविधिक परामर्श तथा योजना सम्बन्धी कामकाज<br>१०.श्रम स्वीकृति प्रदान सम्बन्धी कार्यक्रम</td></tr>
<tr><td>८.</td><td>स्वास्थ्य शाखा</td><td>गाउपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका विभिन्न एम्बुलेन्सहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा छलफल गरी एम्बुलेन्स सेवा सहज सरल र पारदर्शी रुपमा सञ्चालनको लागि आवश्यक थप नीतिगत व्यवस्था गर्ने र प्रचलित ऐन कानूनको परिधि भित्र रही व्यवस्थान गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>९.</td><td>विपद शाखा</td><td>२०८१ साल चैत्र २७ गते राति आएको भिषण हुरी वतासका कारण यस गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालय तथा व्यक्तिहरुका नीजि आवासमा ठूलो नोक्सानी पुराएको, प्रदेश सरकार समक्ष राहत/आर्थिक सहायताका लागि कागजात सहित माग गरिएकोमा विद्यालयहरुको मर्मत संभार तथा निर्माणको लागि आर्थिक सहायता वापत रकम उपलब्ध नगराएको कारण गाउँपालिकामा रहेको विपद व्यवस्थापन कोषमा भएको रकमबाट तपसिलका विद्यालयहरुलाई प्राविधिक लागत अनुमान र मूल्याङ्कन अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।<br>तपसिलः-<br>१.अर्खावाङ्ग मा.वि. मालिका-४ अर्खावाङ्ग,गुल्मी।<br>२.श्री देविस्थान मा.वि. मालिका-७ घमिर गुल्मी।<br>३.श्री ह्वाङ्गदी मेहाले मा.वि. मालिका-३ ह्वाङ्गदी गुल्मी।(खानेपानी व्यवस्थापन)<br>४. श्री विद्यादेवी प्रा.वि. मालिका-५ छापहिले गुल्मी ।</td></tr>
<tr><td>१०.</td><td>विपद शाखा</td><td>यस गाउँपालिकाका विभिन्न वडामा वसोवास गर्ने नागरिकहरु मनसुनजन्य विपदबाट प्रभावित भएको, १३ जनाको प्रथम किस्ता वापतको रकम सम्बन्धित लाभग्राहीहरुको खातामा पठाइएको र दोश्रो किस्ता वापतको रकम भुक्तानीका लागि आवश्यक अनुगमन गरी सो को प्रगति प्रतिवेदन पेश गर्न सम्बन्धित वडाका वडा अध्यक्ष, प्राविधिक र वडा सचिवलाई जिम्मेवारी दिने निर्णय गरि सो को जानकारी पठाउनको लागि प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो।</td></tr>
<tr><td>११.</td><td>योजना शाखा</td><td>चालु आ.ब.२०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिका क्षेत्रमा सञ्चालन गरिने एक घर एक धारा खानेपानी कार्यक्रम अन्तरगत तपसिलका वडामा तपसिल अनुसारको संख्यामा धारा तथा अन्य स्टक्चर निर्माण गर्ने निर्णय गरी सोही अनुसार ल.ई. तयार गरी ठेक्का खोल्ने निर्णय गरियो।<br><table><tr><th>वडा नं.</th><th>निमार्ण गरिने धारा</th><th>निर्माण गरिने अन्य स्टक्चर</th><th>कैफियत</th></tr><tr><td>१</td><td>१९ वटा</td><td>मुहान संरक्षण,सिसि</td><td></td></tr><tr><td>२</td><td>२६ वटा</td><td>फेरो ट्याङ्की इन्टेक सिसि पाइपलाईन</td><td></td></tr><tr><td>४</td><td>पाइपलाईन मर्मत</td><td></td><td></td></tr></table></td></tr>
</table>

अध्यक्ष

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्खावाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>निर्णय गरी उक्त निर्णयको कार्यान्वयन २०८३/०१/०१ गते देखि लागु गर्ने निर्णय गरियो।<br>तपसिलः-
<table>
<tr><th>क्र. सं.</th><th>शिक्षकको नाम</th><th>विषय</th><th>कार्यरत विद्यालय</th><th>दरवन्दी मिलान भएको विद्यालय</th></tr>
<tr><td>१</td><td>चुरामणी रेग्मी</td><td>नेपाली</td><td>अर्जै मा.वि. मालिका-६</td><td>अर्खावाङ्ग मा.वि.मालिका-४</td></tr>
<tr><td>२</td><td>कृष्ण प्र. घिमिरे</td><td>सामाजिक</td><td>अर्खावाङ्ग मा.वि. मालिका-६</td><td>अर्जै मा.वि.मालिका-६</td></tr>
<tr><td>३.</td><td>प्रकाश थापा</td><td>अंग्रेजी</td><td>ह्लाङ्गदी मा.वि. मालिका-३</td><td>नेटा दर्लिङ्ग मा.वि.मालिका २</td></tr>
<tr><td>४.</td><td>भुम वहादुर घर्ती</td><td>अंग्रेजी</td><td>नेटा दर्लिङ्ग मा.वि.मालिका-२</td><td>ह्लाङ्गदी मा.वि.मालिका-३</td></tr>
</table></td></tr>
<tr><td>१७</td><td>जिन्सी शाखा</td><td>यस गाउँपालिकाको नाममा दर्ता श्रेष्ता कायम भएको स्कारपियो गाडी BAA 1286 स्थानीय तहको स्थापना पश्चात जनप्रतिनिधीहरुको आगमन सँगै खरिद गरिएको, हाल खरिद गरेको ५/७ वर्ष भएको र हाल अध्यक्ष ज्यूले कार्यालय कामकाजमा प्रयोग गरिरहनु भईरहेको र मर्मत संभारमा रु.२३७८२३/- रकम खर्च भएको उक्त रकम सम्वन्धित फर्म वा व्यक्तिलाई भुक्तानी दिने निर्णय गरियो।</td></tr>
<tr><td>१८.</td><td>प्रशासन शाखा</td><td>गाउँपालिकाको योजना शाखा कार्यवोध र जिम्मेवारीको दृष्टिले महत्वपूर्ण शाखाको रुपमा रहेको हुँदा एकजना कर्मचारीले मात्र कार्य सम्पादन गर्न कठिन हुने, कर्मचारी विरामी हुँदा शाखाको सम्पूर्ण कार्य रोकिने हुँदा उक्त शाखामा थप कामकाज गर्ने गरी एम.आई.एस. शाखामा कार्यरत श्री नरेश के.सी.लाई योजना शाखाको कामकाज गर्ने गरी थप जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>१९.</td><td>योजना शाखा</td><td>मिति २०८२/०६/०२ गतेको गाउँ कार्यपालिकाको वैठकको निर्णयानुसार मालिका गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्र पिस पार्कमा पिङ्ग जडानका गर्न आवश्यक व्यवस्थापनका लागि का.स. विर वहादुर घर्तीलाई कायदिश दिईएकोमा निजले कार्य सम्पन्न गरी रु. ३५००/- भुक्तानी माग गरेको हुँदा निजलाई गाउँपालिकाको विविध खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो।</td></tr>
<tr><td>२०.</td><td>प्रशासन शाखा</td><td>मालिका गाउँपालिकाको वडा नं.-३ ह्लाङ्गदीमा ह्लाङ्गदी स्वास्थ्य चौकीको भवन जिर्ण रहेको, जिर्ण भवन सार्वजनिक जग्गामा रहेको र नयाँ भवन निर्माणको लागि स्वास्थ्य चौकीको आफ्नो नाममा जग्गा धनि प्रमाण पूर्जा हुनु पर्ने हुँदा स्वास्थ्य चौकी भवन निर्माणको लागि ३ नं. वडा कार्यालय ह्लाङ्गदीबाट निःशुल्क रुपमा दान वकसको रुपमा जग्गा उपलब्ध गराउनको लागि सार्वजनिक सूचना प्रकाशन भएकोमा तपसिलका जग्गाधनीहरुले निम्नानुसारको जग्गा निशुल्क रुपमा उपलब्ध गराउन इच्छुक भई वडा कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गरेको हुँदा उक्त जग्गा ह्लाङ्गदी स्वास्थ्य चौकीको नाममा दान/वकसको रुपमा लिने र निजहरुलाई विशेष अवसरमा सम्मान गर्ने निर्णय</td></tr>
</table>

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

<table>
<tr><td></td><td></td><td>गरी सो कार्यको लागि वडा सचिव श्री लाल बहादुर घर्ती र मालिका गाउँपालिकाका कर्मचारी श्री भुमिश्वर गौतमलाई खटाउने निर्णय गरियो।<br>तपसिल:-
<table>
<tr><th>क.सं</th><th>जग्गादाताको नाम</th><th>ठेगाना</th><th>ना.प्र.न.</th><th>कित्ता नं. / क्षेत्रफल</th><th>दान दिने जग्गाको क्षेत्रफल</th></tr>
<tr><td>१</td><td>रविलाल / टिकाराम पाध्या</td><td>मा-३</td><td>३१४० ६४०७</td><td>६२३/२-२-१-०</td><td>२-२-१-० (पुरै)</td></tr>
<tr><td>२</td><td>भोट व.वुढा</td><td>मा-३</td><td>७४००</td><td>३५०/६-११-१३</td><td>०-१४-१-१</td></tr>
</table></td></tr>
<tr><td>२१.</td><td>योजना शाखा</td><td>संघीय विशेष अनुदान कार्यक्रम अन्तरगत वञ्चितिमा परेका समूदायका लागि एक घर एक धारा खानेपानी आयोजनाका लागि आ.ब.२०८२/०८३ मा ६९ लाख रकम विनियोजन भएको र उक्त रकमबाट अत्यावश्यक घरहरुमा एक घर एक धारा निर्माण गर्न नसकिने र ल.ई. तयार गर्दा विनियोजित रकम भन्दा रु.१७,३७,८६५/- रकम वढी हुन आएको हुँदा उक्त रकम गाउँपालिकाको समपूरक कोषमा बिनियोजित रकम रु.२० लाखबाट व्यहोर्ने निर्णय गरि सोही अनुसार लागत अनुमान तयार गर्नको लागि प्राविधिक शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।</td></tr>
<tr><td>२२.</td><td>विपद शाखा</td><td>मिति २०८२/०७/३० गतेको गाउँपालिका स्तरिय विपद व्यवस्थापन समितिको वैठकले चालु आ.ब.२०८२/०८३ को प्रथम चौमासिक अवधि सम्ममा विपदबाट प्रभावित ८ जना नागरिकहरुलाई राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरी सो को अनुमोदनको लागि गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएकोले उक्त निर्णय अनुमोदन गरी विपद प्रभावितहरुलाई आर्थिक सहायता बापतको रकम विपद कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>२३.</td><td>योजना शाखा</td><td>गाउँपालिकाको प्रशासनीक भवनको परिसर भित्र खानेपानीको व्यवस्थापन नभएको कारण पाइप खरिद गरी पाइपलाईन जडान गरी धारा निर्माण लगायतका कार्य गरी खानेपानीको व्यवस्थापनका लागि मिति २०८२/०६/०२ गतेको गाउँ कार्यपालिकाको बैठकले अमानतमा कामकाज गर्ने निर्णय गरेकोले खापासटे श्री जयलाल पोखरेललाई कायदिश दिईएकोमा निजले श्रमिक तथा सामानको व्यवस्थापन गरी प्राविधिक ल.ई. बमोजिम कार्य सम्पन्न गरी प्राविधिक मूल्याङ्कन सहित सोधभर्ना वापत भुक्तानी माग गरेको हुँदा प्राविधिक मूल्याङ्कन बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।</td></tr>
<tr><td>२४.</td><td>प्रशासन शाखा</td><td>यस गाउँपालिकाको वडा नं.-२ दर्लिङ्ग स्थायी ठेगाना भएकी स्वास्थ्य सेवा, हे.ई. समूह, अ.हे.ब.चौथो पदमा हगाम स्वास्थ्य चौकी, जुगल गाउँपालिका -६ सिन्धुपाल्चोकमा कार्यरत श्री दिपा रजालीले काज सरुवाको लागि निवेदन पेश गरेको हुँदा निजलाई काज सरुवाको लागि सहमति प्रदान गर्ने निर्णय गरियो।</td></tr>
</table>

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २५. | प्रशासन शाखा | गाउँपालिकामा प्रशासन समूह तर्फका कर्मचारीहरुको अभाव रहेको तर पञ्जिकरण सम्बन्धी कामकाज स्थायी कर्मचारीहरुले मात्र सम्पादन गर्न पाउने नीतिगत व्यवस्था अनुरुप वडा नं.-५ को वडा सचिव पदमा कर्मचारी पवित्रा सत्याल कार्यरत रहेको, निजको व्यक्तिगत समस्याको कारण वडामा बस्न समस्या भएकोले निजलाई गाउँपालिकामा पदस्थापन गर्ने र सिमलटारी स्वास्थ्य चौकीमा पाँचौ तह, अ.हे.व. पदमा कार्यरत श्री सुशिल अर्याललाई मालिका गाउँपालिका-५ नं. वडा कार्यालय छापहिलेमा वडा सचिवमा काज सरुवा गरी पदस्थापन गर्ने निर्णय गरियो। |
| २६ | जिन्सी शाखा | मालिका गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुमा विरामी चेकजाच पूर्जी स्वास्थ्य सेवा कार्डको आवश्यकता भएको, उक्त शिर्षकमा रकम विनियोजन नभएको र तत्काल आवश्यक परेको हुँदा गाउँपालिकाको मसलन्द शिर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने गरी २००००/- विस हजार प्रति स्वास्थ्य सेवा कार्ड छपाइ गर्ने निर्णय गरियो। |
| २७. | प्रशासन शाखा | मालिका गाउँपालिका वडा नं.-६मा गठन भएको ठाँटी युथ क्लवले तिहार पर्वको अवसरमा खुला वडास्तरिय पुरुष भलिवल प्रतियोगिता सञ्चालनको लागि आर्थिक सहायता माग गरेको हुँदा खेलकूद विकास कार्यक्रम शिर्षकमा विनियोजित रकमबाट रु.३० हजार उपलब्ध गराउने निर्णय गरियो। |
| २८ | योजना शाखा | आ.ब.२०८२/०८३ अन्तरगत वर्षादको कारण विग्रेका सडकहरुको मर्मत संभारको लागि मालिका-७ घमिरमा कार्यरत वडा सचिव श्री उषा श्रीसलाई मिति २०८२/०५/०६ गते कार्यदिश दिइएकोमा निजले स्थानीय निर्माण व्यवसायीको सामग्री प्रयोग गरी विग्रेका वाटाहरु मर्मत संभार गरी आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गरेको हुँदा रु.९५०००/- भुक्तानी दिने निर्णय गरियो। |
| २९. | लेखा शाखा | यस गाउँपालिकाको २०८२ असोज मसान्तसम्म रु.७,७१,२३,७५४/०५ रुपैयाँ खर्च भएकोले उक्त खर्च रकम सार्वजनिक गरी अनुमोदन गर्ने निर्णय गरियो। |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्लाङ्ग गुल्मी लुम्बिनी प्रदेश नेपाल

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत